# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६२) काठमाडौं असार ३१ गते, २०६९ साल (अतिरिक्ताङ्क ११

## भाग २

### नेपाल सरकार

### कानून, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्रालय

नेपाल अन्तरिम संविधान, २०६३ को धारा ८८ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट जारी भएको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०६९ को अध्यादेश नं. ४

<u>आर्थिक वर्ष २०६९/०७० मा संचालन गरिने सेवा र कार्यहरुको लागि आर्थिक वर्ष २०६८/०६९ को कुल व्यय रकमको एक तृतीयांश सञ्चित कोषबाट झिक्ने र खर्च गर्ने अधिकारको व्यवस्था गर्न बनेको अध्यादेश</u>

<u>प्रस्तावना</u> : आर्थिक वर्ष २०६९/०७० मा संचालन गरिने सेवा र कार्यहरुको लागि आर्थिक वर्ष २०६८/०६९ को कुल व्यय रकमको एक तृतीयांश सञ्चित कोषबाट झिक्ने र खर्च गर्ने अधिकार नेपाल सरकारलाई प्रदान गर्न तत्काल आवश्यक भएको र हाल व्यवस्थापिका संसद नभएकोले,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ को उपधारा (१) बमोजिम राष्ट्रपतिबाट यो अध्यादेश जारी भएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस अध्यादेशको नाम "सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम झिक्ने र खर्च गर्ने अधिकारको व्यवस्था गर्ने अध्यादेश, २०६९" रहेको छ ।

(2) यो अध्यादेश सम्वत् २०६९ साल साउन १ गते देखि प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०६९/०७० को निमित्त सञ्चित कोषबाट रकम झिक्ने र खर्च गर्ने अधिकार : (१) आर्थिक वर्ष २०६९/०७० को निमित्त सञ्चित कोष माथि व्ययभार हुने रकम अनुसूची-१ बमोजिम हुनेछ ।

(२) अनुसूची-२ को महल ३ मा उल्लेख गरिएका निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुको निमित्त सोही अनुसूचीको महल ४ को चालु खर्च, महल ५ को पूँजीगत खर्च र महल ६ को वित्तीय व्यवस्था समेत गरी महल ७ मा उल्लिखित जम्मा रु. १,०९,७२,९२,२५,०००।(अक्षरेपी एक खर्ब नौ अर्ब बहत्तर करोड बयानब्बे लाख पच्चीस हजार रुपैयाँ) सम्मको रकम निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट झिक्न र खर्च गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिमको सीमाभित्र रही कुनै निकाय, मन्त्रालय तथा सचिवालयले आर्थिक वर्ष२०६८/०६९ मा गरेको यथार्थ खर्चको एक तृतीयांशमा नबढ्ने गरी निकासा लिन र खर्च गर्न सक्नेछ ।

३. खर्च सम्बन्धी व्यवस्था : (१) यस अध्यादेशद्वारा सञ्चित कोषबाट पेश्की स्वरुप खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०६९/०७० को निमित्त अनुसूची-२ को महल ३ मा उल्लिखित निकाय, मन्त्रालय तथा सचिवालयले आर्थिक वर्ष २०६८/०६९ मा संचालन गरेका सेवा र कार्यहरुलाई निरन्तरता दिनका लागि खर्च गर्न सक्नेछ ।

(२) यस अध्यादेशद्वारा खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०६८/०६९ मा जुन-जुन बजेट उप-शीर्षकहरुबाट खर्च भएको हो सोही उप-शीर्षकहरुबाट खर्च गर्न सकिनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि अनुसूची-२ को एक तृतीयांश रकम भित्रै समावेश गरिएको संविधानसभा निर्वाचन खर्च, राष्ट्रिय विकास तथा सुरक्षा महानिर्देशनालय गठन गर्दा लाग्ने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खर्च र स्वेच्छिक अवकाश रोजेका माओवादी सेनाका लडाकुहरुले पाउने रकम सोही अनुसूची बमोजिम खर्च गर्न बाधा पर्ने छैन ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-२ को महल ३ मा उल्लिखित निकाय, मन्त्रालय तथा सचिवालयले वैदेशिक सहायताको सम्झौता अनुरुप सञ्चालन गर्नु पर्ने नयाँ कार्य र आयोजनामा खर्च गर्न बाधा पर्ने छैन ।

(५) अनुसूची १ र २ मा उल्लिखित अनुदान संख्या ६०२ मा खर्च गर्न अधिकार दिइएको रकमबाट अन्य कुनै पनि अनुदान संख्या अन्तर्गतको बजेट उप-शीर्षकमा आवश्यक रकम सार्न वा निकासा र खर्च गर्न सकिनेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि अत्यावश्यक खर्चहरु अर्थ मन्त्रालय-विविधबाट व्यहोर्न र सो प्रयोजनको लागि अनुसूची-२ मा उल्लेखित जुनसुकै अनुदान संख्याबाट बचत तथा खर्च नहुने रकम सारी खर्च व्यवस्थापन गर्न बाधा पर्ने छैन ।

४. <u>अख्तियारी सम्बन्धी व्यवस्था :</u> (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस अध्यादेश अन्तर्गत निकासा दिइने रकमको सम्बन्धमा अर्थ मन्त्रालयले सम्बन्धित निकाय, मन्त्रालय तथा सचिवालयलाई रकम खुलेको विवरण र बजेट खर्च गर्ने वा गराउने अख्तियारी दिनेछ ।

(२) उपदफा (१) बमोजिम अख्तियारी प्राप्त भएपछि सम्बन्धित निकाय, मन्त्रालय तथा सचिवालयले यस अध्यादेश र प्रचलित कानूनको अधीनमा रही त्यस्तो रकम खर्च गर्नु पर्नेछ ।

५. <u>स्थानीय निकायलाई दिइने निशर्त अनुदान सम्बन्धी व्यवस्था</u> : (१) यस अध्यादेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय निकायलाई दिइने निशर्त अनुदानका लागि आर्थिक वर्ष २०६८/०६९ को यथार्थ खर्चको एक तृतीयांश रकममा नबढ्ने गरी अर्थ मन्त्रालयले सम्बन्धित स्थानीय निकायलाई निकासाको अख्तियारी दिनेछ ।

(२) उपदफा (१) बमोजिमको रकमबाट भएको खर्चको अनुगमन तथा केन्द्रीय लेखा सम्वन्धित मन्त्रालयले तयार गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२८

अनुसूची – १

(दफा २ सँग सम्बन्धित)

नेपालको अन्तरिम संविधान २०६३ बमोजिम

**सञ्चित कोषमाथि व्ययभार हुने रकम**

रु.हजारमा

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क सं | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | वित्तीय व्यवस्था | जम्मा |
| १ | १०१ | राष्ट्रपति | ४५२२ | ० | ४५२२ |
| २ | १०२ | उपराष्ट्रपति | ४३९४ | ० | ४३९४ |
| ३ | २०२ | संविधान सभा /व्यवस्थापिका - संसद | ५३०५ | ० | ५३०५ |
| ४ | २०४ | अदालत | २२०५२१ | ० | २२०५२१ |
| ५ | २०६ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | १२१८६४ | ० | १२१८६४ |
| ६ | २०८ | महालेखा परीक्षकको कार्यालय | २११४६० | ० | २११४६० |
| ७ | २१० | लोक सेवा आयोग | २८१९१९ | ० | २८१९१९ |
| ८ | २१२ | निर्वाचन आयोग | २४९९६६ | ० | २४९९६६ |
| ९ | २१४ | राष्ट्रिय मानव अधिकार आयोग | ९५५०० | ० | ९५५०० |
| १० | ५०२ | अर्थ मन्त्रालय- आन्तरिक ऋण भुक्तानी | १४८९७१६५ | १५००५३५० | २९९०२५१५ |
| ११ | ५०३ | अर्थ मन्त्रालय- वैदेशिक ऋण भुक्तानी (बहुपक्षीय) | ३५२७१३१ | १२२४११३९ | १५७६८२७० |
| १२ | ५०४ | अर्थ मन्त्रालय- वैदेशिक ऋण भुक्तानी (द्विपक्षीय) | ८१४८४७ | ३६०४५७४ | ४४१९४२१ |
| १३ | ६०२ | अर्थ मन्त्रालय - विविध | १०००० | ० | १०००० |
| | | जम्मा | २०४४४५९४ | ३०८५१०६३ | ५१२९५६५७ |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची – २

(दफा २ र ३ सँग सम्बन्धित)

**सञ्चित कोषबाट खर्च हुने रकम**

रु.हजारमा

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र सं | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूंजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
| १ | १०१ | राष्ट्रपति | १६२५५ | ३४६९८ | ० | ५०९५३ |
| २ | १०२ | उपराष्ट्रपति | ४५६७ | ३६१ | ० | ४९२८ |
| ३ | २०२ | संविधान सभा /व्यवस्थापिका - संसद | २४६६४५ | ५९६ | ० | २४७२४१ |
| ४ | २०४ | अदालत | ३३५०८९ | १११०२५ | ० | ४४६११४ |
| ५ | २०६ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ५५५६ | ९१९ | ० | ६४७५ |
| ६ | २०८ | महालेखा परीक्षकको कार्यालय | ३०३७ | ३२०३ | ० | ६२४० |
| ७ | २१० | लोक सेवा आयोग | ४४१० | १३६३९ | ० | १८०४९ |
| ८ | २१२ | निर्वाचन आयोग | २२८५१ | १०८१२ | ० | ३३६६३ |
| | | (क) संविधानसभा निर्वाचन खर्च | ३०००००० | ० | ० | ३०००००० |
| ९ | २१४ | राष्ट्रिय मानव अधिकार आयोग | ० | १४१३ | ० | १४१३ |
| १० | २१६ | महान्यायाधिवक्ताको कार्यालय | ७०९१२ | २२४०६ | ० | ९३३१८ |
| ११ | २१८ | न्याय परिषद् | ३२९१ | २१७५ | ० | ५४६६ |
| १२ | ३०१ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ११०६७११ | १६१८७७ | ० | १२६८५८८ |
| १३ | ३०५ | अर्थ मन्त्रालय | ११९५८८३ | २१४५१७ | ० | १४१०४०० |
| १४ | ३०७ | उद्योग मन्त्रालय | २९००५६ | १०३७१२ | ० | ३९३७६८ |
| १५ | ३०८ | उर्जा मन्त्रालय | १४४७६९ | २२५९०८ | ० | ३७०६७७ |
| १६ | ३११ | कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | २३५६१ | २१३५ | ० | २५६९६ |
| १७ | ३१२ | कृषि विकास मन्त्रालय | २९०४०१० | ३३८५११ | ० | ३२४२५२१ |
| १८ | ३१४ | गृह मन्त्रालय | ६१६७०८३ | ५२१७५३ | ० | ६६८८८३६ |
| १९ | ३२५ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ३६०१४८ | १९०७३५ | ० | ५५०८८३ |
| २० | ३२६ | परराष्ट्र मन्त्रालय | ५९३९३० | ४१६६५ | ० | ६३५५९५ |
| २१ | ३२९ | बन तथा भू-संरक्षण मन्त्रालय | १०७०७८९ | ४७७१५४ | ० | १५४७९४३ |
| २२ | ३३० | बाणिज्य तथा आपूर्ति मन्त्रालय | ३३९०३८ | ३९५२६ | ० | ३७८५६४ |
| २३ | ३३१ | वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय | ९६१२१० | ८३६२४ | ० | १०४४८३४ |
| २४ | ३३६ | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | ४१२४८७ | १०७३३४ | ० | ५१९८२१ |

| क्र सं | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूंजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| २५ | ३३७ | भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालय | ११०३८१२ | ७९३६८९८ | ० | ९०४०७१० |
| २६ | ३४० | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | २७४४९८ | ६२५५५ | ० | ३३७०५३ |
| २७ | ३४३ | युवा तथा खेलकूद मन्त्रालय | २१३८७४ | २०३ | ० | २१४०७७ |
| २८ | ३४५ | रक्षा मन्त्रालय | ५४४६६६५ | ५३०२८० | ० | ५९७६९४५ |
| | | (क) राष्ट्रिय विकास तथा सुरक्षा महानिर्देशनालय गठन गर्दा लाग्ने खर्च | ३०००००० | ० | ० | ३०००००० |
| २९ | ३४७ | शहरी विकास मन्त्रालय | १४७७५७८ | २०४८२९५ | ० | ३५२५८७३ |
| ३० | ३४९ | शान्ति तथा पुनर्निर्माण मन्त्रालय | ३२००६८५ | ४४४४४५ | ० | ३६४५१३० |
| | | (क) स्वेच्छिक अवकाश रोजेका माओवादी सेनाका लडाकुहरुले पाउने रकम | ३६९१३०० | | ० | ३६९१३०० |
| ३१ | ३५० | शिक्षा मन्त्रालय | १८५६७४५८ | ७०८६६ | ० | १८६३८३२४ |
| ३२ | ३५२ | सहकारी तथा गरीबी निवारण मन्त्रालय | १७८४७२ | २५४१४ | ० | २०३८८६ |
| ३३ | ३५६ | सामान्य प्रशासन मन्त्रालय | १४५२५३ | १२४६१ | ० | १५७७१४ |
| ३४ | ३५७ | सिंचाइ मन्त्रालय | २५१६४६ | २९९००५३ | ० | ३२४१६९९ |
| ३५ | ३५८ | सूचना तथा सञ्चार मन्त्रालय | ६९०३५५ | १७८८५८ | ० | ८६९२१३ |
| ३६ | ३६५ | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | १००६२१८३ | २३४३५९७ | ० | १२४०५७८० |
| ३७ | ३७० | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | ५३७४१३९ | १३३४१४७ | ० | ६७०८२८६ |
| ३८ | ३७१ | श्रम तथा रोजगार मन्त्रालय | ११३२५३ | ८२४७ | ० | १२१५०० |
| ३९ | ३९१ | राष्ट्रिय योजना आयोगको सचिवालय | १७२४१५ | २६७५३ | ० | १९९१६८ |
| ४० | ५०१ | अर्थ मन्त्रालय- वित्तीय व्यवस्था | ० | ० | ८७३१८६० | ८७३१८६० |
| ४१ | ६०१ | अर्थ मन्त्रालय- कर्मचारी सुविधा तथा सेवानिवृत्त सुविधा | ६५६६१९८ | ० | ० | ६५६६१९८ |
| ४२ | ६०२ | अर्थ मन्त्रालय - विविध | २१६६६७ | २४५८५६ | ० | ४६२५२३ |
| आर्थिक वर्ष २०६८/०६९ को संशोधित व्ययको एक तृतीयांश रकम जम्मा | | | ८००२८७३९ | २०९६८६२६ | ८७३१८६० | १०९७२९२२५ |

द्रष्टव्य :

१. नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०६९ बमोजिम स्थापित शहरी विकास मन्त्रालय र सहकारी तथा गरीबी निवारण मन्त्रालयहरुलाई नयाँ अनुदान संख्या दिइएको छ । यी मन्त्रालयहरुको लागि आवश्यक खर्च यस अध्यादेशको दफा ३ को उपदफा (६) बमोजिमको खर्च अर्थ मन्त्रालय-विविधबाट सोही नयाँ अनुदान संकेतमा निकासा दिइनेछ ।

२. नाम हेरफेर भएका तथा कार्य क्षेत्र थपघट भएका निकाय, मन्त्रालय र सचिवालयको हकमा नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०६९ बमोजिम जुन जुन निकाय, मन्त्रालय र सचिवालय अन्तर्गत परेका छन् सोही अनुरुप एक तृतीयांश रकम खर्च गर्ने अख्तियारी पठाइनेछ ।

आज्ञाले,
भेषराज शर्मा
नेपाल सरकारको सचिव

प्रमाणीकरण मितिः ९।३।३१।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।